स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ७ मध्यपुर थिमि भक्तपुर  मंसिर २४ ,२०८०

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको मापदण्ड सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको कार्यविधि नं.

मध्यपुर  थिमी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मिति :  २०८०/०८/२४

प्रमाणीकरण मिति :२०८०/०८/२४

मध्यपुर  थिमी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८०

प्रस्तावनाः

मध्यपुर   थिमी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकाले  स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको  नगरकार्यपालिकाले यो कार्यविधि,बनाएको छ ।

१. संक्षिप्त नाम र  परिभाषा : (१) यो कार्यविधिको नाम "मध्यपुर थिमी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मध्यपुर थिमि नगरपालिका क्षेत्रभित्र नगरकार्यपालिका बाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. मध्यपुर   थिमी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी र नगरप्रहरी सेवा करार व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५को दफा ४ को उपदफा ३ को खण्ड क भन्दा पहिलो खण्ड

(क१)   नगर प्रहरी निरिक्षकको लागिः

१ नेपाली नागरिक भएको

२ मान्यता प्राप्त शैक्षिक संस्थावाट  स्नातक  तह सो सरह उत्तिर्ण गरेको

३ उमेर २१ वर्ष पुरा भई भई २४ वर्ष ननाघेको वा प्रहरी निरीक्षक वा सो सरह पदबाट पुर्ब जनपथ र शसस्त्र प्रहरी वा नेपाली सेनावाट अवकाश प्राप्तको हकमा ४४ बर्ष ननाघेको.

४ कनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको .

५ मान्यता प्राप्त स्वास्थ्यसंस्थाले दिएको निरोगिता प्रमाण पत्र

स्थानीय सरकार
मध्यपुर थिमि नगर...
२०७३

६ सम्बन्धित ईलाका वा वडा प्रहरीबाट जारी भएको चारीत्रिक प्रमाण पत्र

७ पूरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च ,छाती ३१ देखी ३३ , तौल ५० के.जी र महिलाको हकमा घटीमा ५ फिट तौल ४२ क.जी भएको , आँखा माईनस २ वा.प्लस २ भन्दा बढी कमजोर नभएका

प्रमाणीकरण मिति :२०८०/०८/२४

आज्ञाले

केशब सिलवाल

नि.प्रमुख प्रशासकीय अधिकृत